# रणनीतिक कार्ययोजना

व्यवसाय प्रवर्द्धन केन्द्र

पोखरा महानगरपालिका

असार २०८०

# विषय सूची


१. **परिचय** ........ १

१.१ पृष्ठभूमी ........ १

१.२ कार्ययोजनाको उद्देश्य ........ १

१.३ अपेक्षित उपलब्धिहरु ........ १

२. **वर्तमान वस्तुस्थिति** ........ २

२.१ व्यवसाय विकास : चुनौती र प्रस्तावित समाधानहरू ........ २

२.२ लगानी प्रवर्द्धन : चुनौती तथा प्रस्तावित समाधानहरू ........ ३

२.३ व्यवसायिक प्रणाली (बिजनेश इकोसिष्टम) : चुनौती तथा प्रस्तावित समाधानहरू ........ ४

३. **रणनीतिक स्तम्भ तथा कार्यक्षेत्र** ........ ५

३.१ व्यवसाय प्रवर्द्धन केन्द्रको कार्यगत अवधारणा ........ ५

३.२ प्रमुख रणनीतिक स्तम्भ र क्षेत्रहरू ........ ६

४. **विषय क्षेत्रगत कार्यक्रमहरू** ........ ९

५. **रणनीतिक स्तम्भगत कार्यक्रम र गतिबिधिहरू** ........ १५

६. **रणनीतिक क्षेत्रगत गतिबिधिहरू** ........ १८

७. **अनुगमन, मूल्याङ्कन तथा सिकाई** ........ १९

८. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण** ........ २२

# १. परिचय

## १.१ पृष्ठभूमी

नवीन तथा आधुनिक प्रविधिमा आधारित नवप्रवर्तनात्मक व्यवसायिक सोचलाई प्रवर्द्धन गर्दै समुचित व्यावसायिक वातावरण सुधार, वित्तीय पहुँच विस्तार र स्थानीय उत्पादनको मूल्य श्रृङ्खला सुदृढीकरणमा पोखरा महानगरपालिका प्रतिवद्ध छ । त्यसका लागि आवश्यक आधारभुत सेवा स्थानीय स्तरमा नै सर्वसुलभ रूपमा उपलब्ध गराई उद्यमशीलता विकास गरी विस्तारै प्रतिस्पर्धी व्यवसायिक प्रणाली (विजनेस इकोसिस्टम) निर्माणमा सार्वजनिक-निजी संवाद प्रक्रिया समेतको माध्यमबाट नीतिगत तथा प्रक्रियागत सुधार आवश्यक छ । अध्ययन-अनुसन्धान, अनुभव तथा सिकाइ आदान प्रदान र प्रविधि हस्तान्तरणका माध्यमबाट व्यवसायको सञ्चालन लागत न्यूनीकरण गरेर उत्पादकत्व, उत्पादन र कार्यदक्षता अभिवृद्धि गर्ने दिशामा सरकार तथा निजी क्षेत्रबीच सार्थक सहकार्य वान्छनीय छ । यसै तथ्यलाई मध्यनजर गरेर पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७४ (दोश्रो संशोधन २०७७) बमोजिम पोखारा व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना गरी सञ्चालनमा आएको छ ।

## १.२ कार्ययोजनाको उद्देश्य

व्यवसाय प्रवर्द्धन केन्द्रको प्रमुख उद्देश्य पोखरा महानगरपालिकामा व्यवसाय गर्ने वातावरण सुधार गरी थप लगानी आकर्षित गर्दै हरित, उत्थानशील तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग पुऱ्याउनु हो । यसका लागि आगामी दिनमा महानगरपालिका र निजी क्षेत्रबीचको सहकार्यमा हुने नीतिगत, संस्थागत र प्रक्रियागत सुधार, अध्ययन अनुसन्धान लगायतका क्षेत्रमा तर्जुमा गर्नुपर्ने योजना, कार्यक्रम तथा सञ्चालन गर्ने गतिविधिहरुलाई मार्गदर्शन गर्नु यस रणनीतिक कार्ययोजनाको मुल ध्यये हो । यसबाट प्रस्तावित कार्यक्रमहरु अघि बढाउन र पुरक गतिविधिहरु तय गरि कार्यान्वयनमा लैजाने विषयमा महानगर तथा निजी क्षेत्र बिचको साझेदारी सुदृढीकरणमा महत्वपूर्ण योगदान पुग्न अपेक्षा गरिएको छ ।

## १.३ अपेक्षित उपलब्धिहरु

कार्ययोजनाको कार्यान्वयनबाट देहायबमोजिमका उपलब्धीहरु हाँसिल हुने अपेक्षा गरिएको छ ।

- महानगरपालिका र निजी क्षेत्रबीच व्यावसायिक वातावरण सुधारका क्षेत्रमा अर्थपूर्ण संवादमार्फत पारस्परिक सहयोग र सहकार्य थप सुदृढ हुनेछ ।

- उद्यमशील युवा, महिला, र व्यवसाय गर्न चाहने सीमान्तकृत समुदायका लक्षित सदस्यहरूलाई व्यवसाय प्रवर्द्धन केन्द्रबाट प्राप्त हुने सेवा र सल्लाहसुझावको बारेमा स्पष्ट जानकारी उपलब्ध हुनेछ ।
- साना तथा मझौला व्यवसायहरूको बैंक तथा वित्तीय संस्थाहरूमा सहज पहुँच र सहकार्य वृद्धि भई सहुलियतपूर्ण ऋण र योजनाहरूबाट लाभ प्राप्त गर्न सहयोग मिल्नेछ । पोखरा महानगरपालिकाको व्यवसायिक प्रणाली (Business ecosystem) मा सुधार भई थप लगानी आकर्षित हुनेछ ।
- पोखरा क्षेत्रमा औपचारिक उद्यम व्यवसायको सङ्ख्यामा बढोत्तरी भई महानगरपालिका र सङ्घीय सरकारको करको आधार विस्तार हुनेछ ।

# २. वर्तमान वस्तुस्थिति

व्यवसाय प्रवर्द्धन केन्द्रले आफ्नो आगामी कार्यदिशा सम्वन्धमा वि.सं.२०७९ माघ ३ गते सुदृढ परियोजना सँगको सहकार्यमा एक सार्वजनिक-निजी संवाद आयोजना गऱ्यो । पोखरा महानगरपालिका जनप्रतिनिधि, स्थानीय उद्योग वाणिज्य सङ्घका प्रतिनिधि र शिक्षा, पर्यटन, वित्तीय क्षेत्र तथा महिला उद्यमी सँग सम्बन्धित संघसंस्था, प्रमुख सरोकारवाला र विषय विज्ञहरूको सहभागितामा भएको संवादमा व्यवसाय प्रवर्द्धन केन्द्रले आफ्ना निर्दिष्ट उद्देश्य हासिल गर्न सञ्चालन गर्ने कार्यक्रम र गतिविधिहरूका विषयमा व्यापक छलफल भयो । उक्त छलफलका क्रममा पोखरा क्षेत्रको व्यवसायिक वातावरणको वर्तमान स्थिति, साना तथा मझौला व्यवसायीका अप्ठ्यारा तथा चुनौती र नवउद्यमहरुका लागि विद्यमान अवसरहरूबारे देहायबमोजिमको सिंहावलोकन प्राप्त भयो ।

### २.१ व्यवसाय विकास : चुनौती र प्रस्तावित समाधानहरू

पोखरा महानगरपालिकाभित्रका उद्योगहरूले उत्पादकत्व र क्षमताको न्यून उपयोगका सन्दर्भमा गम्भीर चुनौती सामना गर्दै आएका छन् । अर्ध दक्ष र दक्ष जनशक्ति नहुँदा उत्पादकत्वमा थप क्षति बेहोर्नुपरेको अवस्था छ । उत्पादन लागत महँगो हुँदा पोखरा महानगरपालिकामा रहेका उद्योगहरूले अन्तर्राष्ट्रिय बजारमा उपस्थिति जनाउन (निर्यात गर्न) सकिरहेका छैनन् । तिव्र शहरीकरणका कारण जग्गाको मूल्य तथा भाडामा उच्च वृद्धि हुँदा स्थानीय अर्थतन्त्रको समग्र मूल्य श्रृङ्खलामा प्रतिकुल असर देखिएको छ । यसबाट नयाँ उद्योगहरूको स्थापनमा चुनौती सिर्जना भएको छ । कम्पनी दर्ता, कर लगायत

अन्य कामका लागि काठमाडौंसम्म पुग्नुपर्ने बाध्यताले पनि यहाँका उद्यमीहरूलाई व्यवसाय स्थापना र विस्तारमा अनावश्यक झण्जट र लागत थपेको अवस्था छ ।

उपरोक्त शन्दर्भमा पोखरा महानगर क्षेत्रमा व्यवसाय शुरुआत गर्न सहज र अनुकूल वातावरण निर्माणका लागि देहायका समाधानहरू अपनाउन सकिन्छ :

- कम्पनी दर्ता, वातावरणीय अनुमती र करसम्बन्धी सबै कार्यहरु सहज र सरल रुपमा पोखरामा नै प्राप्त गर्न सक्ने व्यवस्था (सेवा केन्द्रहरु स्थापना) गर्ने ।
- अनुभव तथा सिकाई आधार प्रदान र नविन प्रविधिका विषयमा नियमित कार्यशाला र प्रशिक्षण आयोजना गरी सफल तथा असल अभ्यासहरु सिक्न र प्रविधि हस्तान्तरण गर्न अनुकुल वातावरण सिर्जना गर्ने ।
- युवा, महिला र सीमान्तिकृत (घरेलु, साना तथा मझौला) उद्यमीका लागि व्यवसाय दर्ता, कर, वित्तीय अनुशासन तथा अन्य कानुन पालना सम्बन्धी क्षमता विकास कार्यक्रम गर्ने ।
- स्टार्टअप (नवउद्यम)हरूको व्यवसायिक प्रारुप (विजनेश मोडल) र न्यूनतम सम्भाव्य उत्पादनहरुलाई परिष्कृत गर्न र उत्पादन तथा सेवाहरूमा नवप्रवर्तन ल्याउन सहयोग गर्ने प्रशिक्षण शिविरहरू सञ्चालन गर्ने ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको उत्पादकत्व वृद्धि, बजार विश्लेषण र दक्ष जनशक्ति तथा प्रविधि विकासका सम्बन्धमा समय समयमा अध्ययन अनुसन्धान गर्ने ।
- स्टार्टअप र घरेलु, साना तथा मझौला उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सुविधा प्राप्त गर्न र प्रविधि हस्तान्तरणको उपयोग गर्न सहयोग गर्ने ।

### २.२ लगानी प्रवर्द्धन : चुनौती तथा प्रस्तावित समाधानहरू

पोखरा क्षेत्रको भौगोलिक अवस्थिती विश्व मानचित्रमा स्थापित पर्यटन बजारका कारण यहाँ असिमित व्यवसायिक सम्भावना रहेको छ । तसर्थ, यहाँ लगानी गर्नका लागि स्थानीय उद्यमी व्यवसायीदेखि, स्वदेशी र विदेशी लगानीकर्ताहरु अत्यन्तै उत्सुक देखिने गर्छन । यसबाट ठुलो मात्रामा पुँजीको परिचालनबाट स्थानीय अर्थतन्त्रले फाइदा लिन सक्ने सम्भावना प्रचुर छ। स्वदेशी पूँजीको उच्च लागत, विदेशी लगानीमा निर्धारित मापदण्ड र परम्परागत धितोमा आधारित बैंकिङ्ग कर्जामाथिको निर्भरताका कारण लगानी प्रवर्द्धनमा साना तथा मझौला उद्यमीहरूले चुनौतीहरूको सामना गर्नुपरिरहेको

छ । यस सन्दर्भमा, परम्परागत स्वदेशी तथा विदेशी लगानीलाई सहजिकरण गर्दै लगानीका वैकल्पिक स्रोतहरूमा पहुँच बढाउन गर्न देहायका उपायहरू अवलम्बन गर्न सकिन्छ :

- उद्यमहरूलाई विशिष्ट क्षमता विकासका तालिम प्रदान गरी व्यापार योजना, वित्तीय प्रक्षेपण र आय अनुमानको खाका तयार गर्न सहयोग गर्ने ।
- लगानी परिचालन तथा कर सम्वन्धी ऐन कानुनका साथै वित्तीय साक्षरता अभियान सञ्चालन गर्ने ।
- बैंक तथा वित्तीय संस्था र उद्यमीहरूबीच सूचना तथा जानकारीको आदानप्रदान गर्न सहयोग गर्ने प्लेटफर्म सिर्जना गरी सञ्चालन गर्ने ।
- समय समयमा लगानी सम्मेलन आयोजना गरि राष्ट्रिय तथा अन्तरराष्ट्रिय लगानीकर्ताहरुलाई आकर्षित गर्ने ।
- विभिन्न सहुलियतपूर्ण ऋण, अनुदान तथा प्रतिस्पर्धी लगानी कोष (च्यालेञ्ज फण्ड) सम्वन्धी योजनाहरूको विषयमा सचेतना अभिवृद्धि र पहुँच विस्तार गर्ने ।

### २.३ व्यवसायिक प्रणाली (बिजनेश इकोसिष्टम) : चुनौती तथा प्रस्तावित समाधानहरू

कुनै पनि व्यवसायको सोचदेखि, प्रारम्भिक अवधारणा विकास, व्यवसाय दर्ता तथा सञ्चालन, कर तथा अन्य कानुनहरुको पालना, पारवहन तथा व्यवसाय बन्द गर्नेसम्मका सबै प्रक्रिया र सम्बन्धित सरोकारवालाहरूको व्यवहारको समष्ठिगत चक्र व्यावसायिक प्रणाली (बिजनेस इकोसिस्टम) हो । उक्त प्रणालीभित्र रहेर व्यवसायको सुरुवातदेखि सञ्चालन र आवश्यकताअनुसार बन्द गर्ने क्रममा उद्योगी-व्यवसायीले सरकारी, गैरसरकारी, सामुदायिक संघसंस्था र निकायका साथै विभिन्न अनौपचारिक स्वार्थ समूहहरू समेतको सामना गर्नुपरेको छ। यसबाट व्यवसायिक वातावरण सुधार र उद्यमशिलता विकासका दृष्टिले सकारात्मक भन्दा नकारात्मक असरहरु बढी भोग्नु पर्दा अनावश्यक अवसर लागतमा वृद्धि भई उद्यमी व्यवसायीले प्रतिकुल परिस्थितीको सामना गरिरहनु परेको छ। त्यसको न्यूनिकरणका लागि देहायका सुधारात्मक उपायहरु अवलम्वन गर्न सकिन्छ ।

- राष्ट्रिय आविष्कार केन्द्र, विश्वविद्यालय, प्रदेश सरकार, विकास साझेदार र निजी क्षेत्रसँग अर्थपूर्ण सहकार्य गरी आपूर्ती तथा मूल्य शृङ्खला सुधारका कार्यक्रम सञ्चालन गर्ने ।


- व्यवसायिक प्रणाली सुधारमा सम्बन्धमा वस्तुपरक अध्ययनहरू गरी प्राप्त नतिजालाई मुख्य जिम्मेवार अधिकारी र सम्वन्धीत सरोकारवालालाई सुसुचित गराउने र आवश्यक नीतिगत तथा प्रक्रियागत सुधारमा सहकार्य गर्ने ।
- व्यवसायिक प्रणाली सुधारसँग सम्बन्धित सान्दर्भिक मुद्दाहरूमा महानगर, प्रदेश र संघ सरकारका नीति निर्माता र निजी क्षेत्रबिच नियमित छलफल (सार्वजनिक निजी संवाद) गर्ने र समाधानमा उपायमा सहमती कायम गर्ने परिपाटी सिर्जना गर्ने ।
- स्थानीय रैथाने उत्पादन, शिप, कौशल र प्रविधिमा आधारित व्यवसायहरूको प्रवर्द्धन गर्न नियमित मेला तथा प्रदर्शनीहरू आयोजना गर्ने ।
- स्थानीय व्यावसायिक वातावरण र ऐन कानुनका सम्बन्धमा अध्ययन अनुसन्धान गरी पोखरा महानगरपालिकामा व्यवसाय गर्ने वातावरण सुधारमा सहयोग गर्ने ज्ञान उत्पादन गर्ने ।

# ३. रणनीतिक स्तम्भ तथा कार्यक्षेत्र

### ३.१ व्यवसाय प्रवर्द्धन केन्द्रको कार्यगत अवधारणा

पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रको रणनीतिक योजना तर्जुमाको प्रमुख आधार महानगरको भिजन २१००, समावेशी स्थानीय आर्थिक विकास योजना, पर्यटन पुनरुत्थान रणनीतिक योजना र प्रथम आवधिक योजना जस्ता दस्तावेजहरूलाई मानिएको छ । त्यसैगरी, सार्वजनिक निजी संवादको क्रममा आएका विषयहरुको वस्तुपरक विश्लेषण गरी यस रणनीतिक योजना र कार्यक्रमहरु पहिचान गर्ने प्रयास गरिएको छ ।

यस योजनाले व्यवसाय प्रवर्द्धन केन्द्रको मूल लक्ष्य हासिल गर्ने दिशामा अघि बढ्दा विशेष ध्यान दिनुपर्ने प्रमुख विषयगत क्षेत्र र रणनीतिक स्तम्भहरुको कार्यमूलक ढाँचा समेत प्रदान गरेको छ । सोही अनुरुप केन्द्रले सञ्चालन गर्ने कार्यक्रम र गतिविधिहरूलाई विषयगत क्षेत्र र रणनीतिक स्तम्भहरूमा चरणबद्ध रूपमा आवद्ध गर्ने प्रयास गरिएको छ । यसर्थ, केन्द्रले संपादन गर्ने सबै कार्यहरू यसको रणनीतिक कार्यक्षेत्रमा आधारित छन् ।




१. प्रमुख रणनीति स्तम्भहरू २. रणनीतिक क्षेत्रहरू ३. विषयगत कार्यक्षेत्रहरू ४. गतिविधिहरू

***चित्र १ : व्यवसाय प्रवर्द्धन केन्द्रका गतिविधि विकासका चरण***

पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रका लागि यसको समग्र कार्यहरूलाई मार्गदर्शन गर्ने तीनवटा प्रमुख रणनीतिक स्तम्भहरू छन् । प्रत्येक रणनीतिक स्तम्भले फरक फरक क्षेत्रमा ध्यान केन्द्रित गर्दछ ।

### ३.२ प्रमुख रणनीतिक स्तम्भ र क्षेत्रहरू

समग्रमा पोखरा महानगरपालिकामा व्यवसाय प्रवर्द्धन केन्द्रका कार्यलाई मार्गदर्शन गर्न तीन वटा रणनीतिक स्तम्भहरू पहिचान गरिएका छन् ।





*चित्र २ : पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख स्तम्भहरू*

### स्तम्भ १ : व्यवसाय विकास

**पहिलो रणनीतिक स्तम्भ** - व्यवसाय विकास अन्तर्गत पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रले आगामी दिनहरूमा नवउद्यम र उद्यमीका सोचहरूलाई सफल बनाउन सक्ने समान विचार भएका सरोकार समूहहरू लक्षियत उद्यमशीलता विकास गतिविधिहरू सञ्चालन गर्दछ । यस स्तम्भ अन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्रले नयाँ र विद्यमान उद्यमहरूका लागि व्यवसाय प्रक्रियाहरूमा सुधार गर्ने कार्यक्रमका सोचहरू विकास गरी कार्यान्वयन गर्न सहयोगी हुने कार्यक्रमहरु अघि बढाउँछ । यसको उद्देश्य भनेको

व्यवसाय प्रवर्द्धन केन्द्रले सहयोग गरेका उद्यमहरू अधिकतम दक्षताका साथ सञ्चालन हुन सकून् भन्ने हो । त्यसैगरी व्यवसाय प्रवर्द्धन केन्द्रले मूल्य शृङ्खलाका सरोकारवाला र उद्यमहरूलाई जोडिन सहयोग गरी लाभग्राहीहरूको स्तरवृद्धिलाई प्रवर्द्धन गर्ने जिम्मेवारी वहन गर्दछ । स्तम्भ १ अन्तर्गत जम्मा ५ वटा रणनीतिक क्षेत्र पहिचान गरिएको छ ।





**<u>चित्रमा भएका वाक्यहरूको अनुवाद</u>**

१. स्टार्टअप व्यवसायमा सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई प्रवर्द्धन गर्ने (Promote ICT...)
२. स्टार्ट योर बिजनेस (SYB) कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने (Implement SYB.....)
३. व्यवसाय सोच विकास कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने (Implement Business....)
४. नयाँ उत्पादनको विकास गर्ने (New product........)
५. स्तरवृद्धि कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने (Implement scale improvement..........)

*चित्र ३ : व्यवसाय प्रवर्द्धन केन्द्रको व्यवसाय विकास स्तम्भ अन्तर्गतका गतिविधिहरू*

### स्तम्भ २ : लगानी प्रवर्द्धन

**दोस्रो रणनीतिक स्तम्भ** - लगानी प्रवर्द्धन अन्तर्गत पोखरा महानगरपालिकामा नवउद्यम र घरेलु साना तथा मझौला व्यवसायीहरूको वित्तीय आवश्यकताको सम्बन्धमा विश्वसनीयता र माग पक्षको अनुपालन क्षमताको अभिवृद्धिमा जोड दिइएको छ । व्यवसाय प्रवर्द्धन केन्द्रले नयाँ उद्यमहरूको बैंकसँग कार्य गर्नसक्ने क्षमता सुधार गर्न र नयाँ तथा विद्यमान उद्यमहरूलाई उनीहरूको नगद प्रवाह व्यवस्थापन, वित्तीय योजना विकास र कर कानुन अनुपालन क्षमता अभिवृद्धिमा सहयोग गर्ने लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ ।





**चित्रमा भएका वाक्यहरूको अनुवाद**

१. उद्यमीहरूको अनुपालन क्षमता अभिवृद्धि गर्ने (improve compliance capacity......)
२. उद्यमीहरूको नगद प्रवाहमा सुधार गर्ने (improve cash flow..........)
३. लगानीका माध्यमहरूसँग जोड्ने (connect with ............)
४. वित्तीय अनुपालन बढाउने (improve finance...........)
५. उद्यमीहरूको धितो सम्बन्धमा सुधार गर्ने (improve collateral.........)

*चित्र ४ : व्यवसाय प्रवर्द्धन केन्द्रको लगानी प्रवर्द्धन स्तम्भ अन्तर्गतका गतिविधिहरू*

### स्तम्भ ३ : व्यवसायिक प्रणाली सुधार

**रणनीतिक स्तम्भ ३** - व्यवसायिक प्रणालीको सुधारले नविनतम सोच र उद्यमशिलताको गुण भएको युवा तथा नवउद्यमीहरूमा सीप तथा दक्षता र सहज वित्तीय पहुँचका लागि सहयोग गर्छ । त्यसैगरी, भइरहेको उद्यम व्यवसायहरुको विस्तार तथा स्तरवृद्धि सम्बन्धी कार्यहरूलाई प्रोत्साहन गर्दछ । यसबाट स्टार्ट-अप उद्यम र विद्यमान उद्यमहरूको संस्थागत क्षमता सुधार हुन गई दिगोपन हासिल गर्न सकिन्छ । व्यवसाय प्रवर्द्धन केन्द्रले उद्यमहरूका लागि ज्ञान, विज्ञता र सञ्जालमा रहेको कमीकमजोरीलाई पूर्ति गर्न एकद्वार समाधान प्रदायकको रूपमा पनि काम गर्ने लक्ष्य राखेको छ । यस रणनीतिक स्तम्भ अन्तर्गत व्यसाय प्रवर्द्धन केन्द्रको समग्र कार्यलाई मार्गदर्शन गर्ने अर्को महत्वपूर्ण पक्ष भनेको सार्वजनिक-निजी साझेदारीबाट उत्पन्न हुने अवसरहरू अभिवृद्धि गर्नु हो ।




**चित्रमा भएका वाक्यहरूको अनुवाद**

१. प्रविधि विस्तार र एक्सेलरेटर गतिविधिमा सहकार्य (collaborate on technology...........)
२. निजी क्षेत्रसँग साझेदारी गर्ने (partner with the private.............)
३. व्यवसायिक निर्णय प्रक्रियामा सहयोग गर्ने सूचना सामग्रीहरू उत्पादन गर्ने (create knowledge....)
४.सार्थक सार्वजनिक-निजी संवादको अनुकूल वातावरण सिर्जना गर्ने (create a conducive.........)
५. स्थानीय शैक्षिक संस्था/विश्वविद्यालयहरूसँग साझेदारी गर्ने (partner with local ecucational.........)


चित्र ५ : व्यवसाय प्रवर्द्धन केन्द्रको उद्यम प्रणालीको विकास स्तम्भ अन्तर्गतका गतिविधिहरू

# ४. विषय क्षेत्रगत कार्यक्रमहरू

## स्तम्भ १ : व्यवसाय विकास

स्तम्भ १ अन्तर्गत ५ वटा प्रमुख रणनीतिक क्षेत्रहरू छन् । प्रत्येक क्षेत्रका विस्तृत विषयगत गतिविधिहरू छन् र व्यवसाय प्रवर्द्धन केन्द्रले अघि बढाउनुपर्ने गतिविधि हुन् । व्यवसाय प्रवर्द्धन केन्द्रले नयाँ र विद्यमान उद्यमहरूलाई व्यवसाय विकाससम्बन्धी गुणस्तरीय सेवाहरू उपलब्ध गराउने क्रममा व्यवसायको दर्ता, कानुनी परामर्श र इजाजतपत्र तथा अनुमतिका आवेदन प्रक्रियालाई सहज बनाउन सूचना तथा जानकारीको मानकीकरणमा सहयोग गर्नेछ । त्यसैगरी, दोस्रो प्रमुख रणनीतिक क्षेत्र अन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्रले सोच विकास शिविर, ह्याकाथन (hackathons) र व्यवसाय योजना प्रतियोगिताहरू सञ्चालन गर्नेछ । व्यवसाय प्रवर्द्धन केन्द्रले स्टार्ट-अपहरूबीच उत्पादकत्व र दक्षता सुधार गर्न सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोगलाई पनि प्राथमिकता दिनेछ । यस सन्दर्भमा, सूचना व्यवस्थापन प्रणाली निर्माण गर्ने, डिजिटल प्लेटफर्महरूको प्रयोग मार्फत स्टार्ट-अपहरूको लागि लेखा

तथा हिसाबकिताब राख्ने क्षमता अभिवृद्धि गर्ने, इ-कमर्सको सम्भावनाको उपयोग गर्न व्यवसाय प्रवर्द्धन केन्द्रलाई सहयोग गर्ने जस्ता कार्यमा मुख्य ध्यान दिइएको छ ।




**<u>चित्रमा भएका वाक्यहरूको अनुवाद</u>**

**स्टार्ट योर बिजनेस (SYB) कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने**

- व्यसाय दर्ता सहयोग प्रदान गर्ने ।
- कानुनी परामर्श क्लिनिक सञ्चालन गर्ने ।
- व्यवसाय दर्ता/इजाजतपत्रका लागि आधारभूत कार्यविधि तयार गर्ने ।
- युवा, सीमान्तकृत वर्ग र महिला नेतृत्वका लागि लक्षित कार्यक्रम कार्यान्वयन गर्ने ।

**व्यवसाय सोच विकास कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने**

- सोच विकास शिविर/ह्याकाथन सञ्चालन गर्ने ।
- व्यवसाय योजना प्रतियोगिता आयोजना गर्ने ।


**स्टार्टअप व्यवसायमा सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई प्रवर्द्धन गर्ने ।**

- सूचना व्यवस्थापन प्रणाली निर्माण गर्ने ।
- लेखा र हिसाबकिताबमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सहयोग गर्ने ।
- उद्यमीहरूलाई ई कमर्समा जान सहयोग गर्ने ।

*चित्र ६ : स्तम्भ १ अन्तर्गत व्यसाय प्रवर्द्धन केन्द्रको रणनीतिक क्षेत्र र गतिविधिहरू*

त्यसैगरी, व्यवसाय प्रवर्द्धन केन्द्रले आफूलाई व्यवसाय विस्तार गरी नयाँ उत्पादनहरू विकासमा सहयोग गर्ने एकद्वार केन्द्रको रूपमा स्थापित गर्नेछ । यसरी व्यवसाय प्रवर्द्धन केन्द्रले मूल्य-शृङ्खला बारेको

ज्ञान उत्पादन गर्ने र उद्यमीहरूलाई नयाँ उत्पादन विकासका लागि अनुसन्धानमा सहयोग गर्ने अनुसन्धान केन्द्रको रूपमा समेत काम गर्नेछ ।




**चित्रमा भएका वाक्यहरूको अनुवाद**

**स्तरवृद्धि कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने**

- कच्चा पदार्थ/साधन, श्रम र प्रविधिमा अनुसन्धान गर्ने ।
- मूल्य शृङ्खला विश्लेषण गर्ने ।
- उद्यमीहरूलाई उनीहरूको व्यवसायका मुख्य गतिविधिहरू व्यवस्थापन गर्ने मद्दत गर्ने ।
- सार्वजनिक र निजी स्रोतहरूबाट प्रदान गरिने अनुसन्धान अनुदानहरू पहिचान गर्ने र प्राप्त गर्न सहजीकरण गर्ने ।

**नयाँ उत्पादनको विकास गर्ने**

- उद्यमीहरूलाई अनुसन्धान तथा विकास कार्यमा सहयोग गर्ने
- उद्यमीहरूलाई अवधारणा/न्यूनतम सम्भाव्य उत्पादन (MVP) का प्रमाणहरू निर्माण गर्न सहयोग गर्ने

चित्र ७ : स्तम्भ १ अन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्रको रणनीतिक क्षेत्र र गतिविधिहरू

## स्तम्भ २ : लगानी प्रवर्द्धन

स्तम्भ २ अन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्रले लगानीका विभिन्न स्रोतहरूबाट स्टार्ट-अपका साथै घरेलु साना तथा मझौला उद्यमहरुमा लगानी परिचालन अभिवृद्धि गर्ने लक्ष्यका साथ दुई वटा प्रमुख रणनीतिक क्षेत्रहरूमा गतिविधिहरू सञ्चालन गर्दछ । यस अन्तर्गत, केन्द्रले माग र आपूर्ति दुवै पक्षमा कार्य गर्नुपर्ने हुन्छ । माग पक्षमा, व्यवसाय प्रवर्द्धन केन्द्रले लगानी खोज्ने उद्यम/इकाइ, स्टार्ट-अप व्यवसाय, वृद्धिउन्मुख वा वृद्धिको सम्भावना रहेका उद्यमहरूलगायतसँग प्रत्यक्ष रूपमा कार्य गरी उनीहरूको वित्तीय कर्जा योजनाहरूबारे गुणस्तर अभिवृद्धि गर्न र बैंक तथा वित्तीय संस्थाहरुसँग सहकार्य

गर्नसक्ने क्षमता बढाउन सहयोग गर्नेछ । आपूर्ति पक्षमा, यसले लक्ष्यित वर्गका व्यवसायी र लगानीकर्ता अनुकुल वित्तीय उपकरणहरू निर्माण गरी त्यसलाई सुदृढ बनाउँदै सुरु लगानी गर्ने (फर्स्ट-चेक) लगानीकर्ताहरूको सञ्जाल बनाइराख्न मद्दत गर्नेछ ।




**<u>चित्रमा भएका वाक्यहरूको अनुवाद</u>**

**उद्यमीहरूको 3C (कोल्याट्रल, कम्पलायन्स र क्यासफ्लो) सुधारका कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने**

- ऋण प्राप्ति प्रक्रियासम्बन्धी परामर्श सहयोग गर्ने ।
- वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।


**उद्यमीहरूलाई लगानी/वित्तीय माध्यमसँग जोड्ने कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने**

- लगानी गर्ने र लगानी लिनेबीचको सम्पर्क र सञ्चार सुदृढीकरण गर्ने ।

चित्र ८ : स्तम्भ २ अन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्रको रणनीति क्षेत्र र गतिविधिहरू

### स्तम्भ ३ : व्यवसायिक प्रणाली सुधार

स्तम्भ २ ले व्यवसाय प्रवर्द्धन केन्द्रलाई स्तम्भ १ र २ अन्तर्गतका गतिविधिहरूलाई अगाडि बढाउन सहयोग गर्ने अन्तरसम्बन्धित ढाँचा प्रदान गर्दछ । यस स्तम्भ अन्तर्गतका चार वटा प्रमुख रणनीतिक क्षेत्रहरूमा ध्यान केन्द्रित गर्दै केन्द्रले सूचना तथा जानकारीलाई नयाँ स्टार्टअपहरूका लागि थप पहुँचयोग्य र सजिलै ग्रहण गर्न सकिने बनाउँदै सञ्जालीकरण प्रवर्द्धन गर्ने समाधानहरू प्रदान गर्नेछ । प्रभावकारी सार्वजनिक वितरण र रूपान्तरणकारी समाधानहरूका लागि व्यवसाय प्रवर्द्धन केन्द्रले स्थानीय तहसँग समेत मिलेर कार्य गर्नुका साथै विभिन्न सरोकारवालाहरूलाई संवेदनशील बनाएर उनीहरूलाई निजी क्षेत्रसँगको सहकार्यप्रति उत्तरदायी बनाउनेछ ।




**चित्रमा भएका वाक्यहरूको अनुवाद**

**स्थानीय शैक्षिक संस्था/विश्वविद्यालयहरूसँग साझेदारी गर्ने**


- उद्यमीहरूका लागि व्यवसाय योजना, न्यूनतम सम्भाव्य उत्पादनसम्बन्धी आधारभूत ज्ञानहरू समेटिएको पाठ्यक्रम बनाउने ।
- विश्वविद्यालयहरूको ठाउँ/हाता/प्रयोगशाला संरचनाहरूको उपयोग गर्न सहकार्य बढाउने ।

**निजी क्षेत्रसँग साझेदारी गर्ने**

- वृद्धिउन्मुख वा वृद्धिको सम्भावना व्यवसायलाई सहयोग गर्ने ।
- उद्यम-उद्योग साझेदारी मार्फत अनुशिक्षण/फेलोसिपका अवसरहरू निर्माण गर्ने ।
- क्षमता विकासका कार्यक्रम बनाउने ।

चित्र ९ : स्तम्भ ३ अन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्रको रणनीति क्षेत्र र गतिविधिहरू

यस सन्दर्भमा, व्यवसाय प्रवर्द्धन केन्द्रले व्यावसायिक वातावरणबारे ज्ञान सिर्जना गर्न स्रोतहरू पहिचान गर्न र लगानी गर्न आवश्यक पर्दछ । व्यवसाय प्रवर्द्धन केन्द्रले सङ्घ, प्रदेश र स्थानीय सरकारहरूअन्तर्गत रहेका विभिन्न अनुदान र विशेष योजना/कार्यक्रमहरूको सूची समेत राख्नुपर्छ। साथै, व्यवसाय प्रवर्द्धन केन्द्रले सक्रिय रूपमा क्षेत्रगत प्राथमिकता प्राप्त लगानीका स्रोतहरुको विस्तृत विवरण तयार गरि नियमित रुपमा अध्यावधिक गर्नुपर्छ र सार्वजनिक-निजी संवादको संयोजकको रूपमा काम गर्नुपर्छ ।




**चित्रमा भएका वाक्यहरूको अनुवाद**

**उद्यमी/लगानीकर्ताको निर्णय कार्यमा सहयोग गर्ने ज्ञान सामग्रीहरू उत्पादन गर्ने**

- व्यवसाय सर्वेक्षणहरू गर्ने ।
- वित्तीय योजनाहरूबारे (सङ्घीय, प्रदेश, स्थानीय) जानकारी/स्रोत विवरण राख्ने ।
- विषयगत क्षेत्रअनुसारको लगानी ज्ञापनपत्र

**सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूबीच संवादका लागि अनुकूल वातावरण सिर्जना गर्ने**

- सार्वजनिक निजी संवाद फोरमको स्थापना गरी सञ्चालन गर्ने ।

चित्र १० : स्तम्भ ३ अन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्रको रणनीतिक क्षेत्र र गतिविधिहरू

सार्वजनिक -निजी संवादका चरणमा महानगरपालिकाका जनप्रतिनिधि, निजी क्षेत्र र अन्य सरोकारवालाहरूबाट प्राप्त विचार र सुझाव अनि मार्गदर्शनले पोखरामा विद्यमान फरक फरक परिस्थिति र चुनौतीहरुको सामना गर्दै प्रस्तावित कार्यक्रमहरु अगाडि बढाउन केन्द्रै सक्षम हुनेछ भन्ने विश्वास लिइएको छ । हरित उत्थानशील र समावेशी विकासको प्रमुख विशेषता भनेको सुव्यवस्थित, आर्थिक रूपमा सम्पन्न, समावेशी तथा दीर्घकालीन लक्ष्यमा केन्द्रित हुँदै चुनौतीको सामना गर्न सक्ने सचेत र दक्ष जनसंख्याको संगठित स्वरूप हुनु हो ।

यसै तथ्यलाई आत्मसात गर्दै माथि प्रस्तुत रणनीतिक स्तम्भहरु र रणनीतिक क्षेत्रहरुमा व्यवसाय प्रवर्द्धन केन्द्रले महानगर, संघ तथा प्रदेश सरकार, निजी क्षेत्र र अन्य सरोकारवालासँगको सहकार्यमा सञ्चालन गर्ने सम्भावित कार्यक्रम र गतिविधिहरु देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

# ५. रणनीतिक स्तम्भगत कार्यक्रम र गतिबिधिहरू

| रणनीतिक स्तम्भ | रणनीतिक कार्यक्रम | अपेक्षित उपलब्धी | नतिजा | सञ्चालन गर्नुपर्ने गतिविधिहरु |
|---|---|---|---|---|
| **१. व्यवसाय विकास** | १.१ नवउद्यम विकास कार्यक्रम | नविन प्रविधि र स्थानीय कच्चा प्रदार्थमा आधारित नयाँ व्यवसायहरुको संख्या वृद्धि भएको हुने | नियमित रुपमा नवउद्यम विकासका कार्यक्रमहरु सञ्चालन हुने | व्यवसाय तथा कर दर्ता, नविकरण र व्यवसायिक योजना तर्जुमा जस्ता विषयमा नियमित परामर्श उपलब्ध गराउन स्थायी कक्ष स्थापना गर्ने । |
| | | | | व्यवसाय सञ्चालनमा पालना गर्नुपर्ने कानुनहरुका विषयमा नियमित प्रशिक्षण, छलफल र अन्तरक्रिया आयोजना गर्ने । |
| | | | | क्षेत्रगत व्यवसायका लागि आवश्यक पर्ने, कानुनी, प्राविधिक र वातावरणीय पूर्वसर्तहरुका विषयमा नियमित प्रशिक्षण, छलफल र अन्तरक्रिया आयोजना गर्ने । |
| | | | | युवा, महिला र सिमान्तिकृत समुदायका लागि नवउद्यम विकासका लक्षियत कार्यक्रमहरु सञ्चालन गर्ने । |
| | १.२ व्यवसायिक कार्यदक्षता अभिवृद्धि कार्यक्रम | उद्यम व्यवसायहरुको उत्पादकत्व र उत्थानशीलता अभिबृद्धि भएको हुने | व्यवसाय श्रृजना (ideation) कार्यक्रम सञ्चालन हुने | नियमित रुपमा नविनतम व्यवसायिक सोच, प्रविधि र अवधारणा संकलन, प्रतिस्पर्धा र प्रशिक्षण सिविरहरु आयोजना गर्ने । |
| | | | | विश्वविद्यालय र प्राविधिक शिक्षालयको सहकार्यमा व्यवसायिक योजना, प्रविधि हस्तान्तरण जस्ता विषयमा नियमित प्रतिस्पर्धा आयोजना गर्ने । |
| | | | व्यवसायमा सूचना प्रविधि आन्तरिकिकरण वृद्धि हुने | व्यवसायमा सूचना प्रविधिको आन्तरिकिकरणका विषयमा नियमित तालिम, प्रशिक्षण र अभिमुखिकरण कार्यक्रम आयोजना गर्ने । |
| | १.३ व्यवसायहरुको स्तरवृद्धिमा सहजिकरण कार्यक्रम | उद्यम व्यवसायको स्तरवृद्धि भई रोजगारी र उत्पादन विस्तार भएको हुने | व्यवसायको स्तरवृद्धि र क्षमता विस्तार कार्यक्रम सञ्चालन हुने | उत्पादनको बजार, कच्चा पदार्थ, जनशक्ती र प्रविधिका विषयमा नियमित अध्ययन अनुसन्धान गर्ने । |
| | | | | सफल उद्यमहरुका अनुभव आदान प्रदान तथा सिकाई भ्रमण र प्रविधि अवलोकनका कार्यक्रम सञ्चालन गर्ने । |

| रणनीतिक स्तम्भ | रणनीतिक कार्यक्रम | अपेक्षित उपलब्धी | नतिजा | सञ्चालन गर्नुपर्ने गतिविधिहरु |
|---|---|---|---|---|
| | | | नयाँ उत्पादन विकास तथा बजारिकरण कार्यक्रम सञ्चालन हुने | नयाँ उत्पादन तथा प्रविधि विकास र कार्य प्रणाली सुधारका विषयमा अनुसन्धान केन्द्र तथा आविस्कार केन्द्रसँग कार्यगत तहमा सहकार्य गर्ने । |
| | | | | उद्यमी व्यवसायीहरुलाई सहुलियपूर्ण र प्रतिस्पर्धी प्राविधिक तथा वित्तीय सहयोग प्राप्त गर्न सहयोगका कार्यक्रम गर्ने । |
| **२. लगानी प्रवर्द्धन** | २.१ साना तथा मझौला उद्यमीहरुको ३-सी (collateral, compliance & cash-flow) सम्वन्धी क्षमता विकास कार्यक्रम | साना तथा मझौला उद्यमीहरुको ३-सी व्यवस्थापन सम्वन्धी क्षमता अभिवृद्धि भएको हुने | ३-सी व्यवस्थापन सुधार कार्यक्रम सञ्चालन हुने | बैंक ऋणका लागि व्यवसायिक योजना तर्जुमा, वित्तीय प्रक्षेपण र अन्य प्रकृयागत सहयोगका लागि तालिम, प्रशिक्षण र अभिमुखिकरण आयोजना गर्ने । |
| | | | | वित्तीय साक्षरताका तालिम, प्रशिक्षण र अभिमुखिकरण आयोजना गर्ने । |
| | | | | बैंक वित्तीय संस्था, सहकारी र उद्यमी व्यवसायीबिच नियमित साक्षात्कार आयोजना गर्ने । |
| | २.२ नयाँ र ठुला लगानीकर्ता आकर्षित गर्ने कार्यक्रम | पोखरामा स्वदेशी तथा विदेशी ठुला लगानीकर्ताको आकर्षण वृद्धि भएको हुने | लगानीकर्तासँग नियमित अन्तरक्रिया र परियोजना प्रदर्शन कार्यक्रम सञ्चालन हुने | आवधिक रुपमा लगानी सम्मेलन र परियोजना प्रदर्शनी कार्याक्रमहरु आयोजना गर्ने । |
| | २.३ सिमान्तकृत उद्यमी र नयाँ व्यवसाय गर्न चाहनेहरुका लागि वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | औपचारिक वित्तीय प्रणालीमा सिमान्तिकृत व्यवसायी र नवउद्यमीहरुको पहुँच वृद्धि हुने | वित्तीय पहुँच विस्तारका कार्यक्रमहरु सञ्चालन हुने | महानगरलगायत विभिन्न तहका सरकार र विकास साझेदारहरुबाट सञ्चालिन सहुलियतपूर्ण ऋण, अनुदान तथा प्रतिस्पर्धी कोषका कार्यक्रममा पहुँच अभिवृद्धि गर्न र लाभ लिन प्राविधिक र प्रशासनिक सहयोगका लागि एक स्थायी सेवा केन्द्र वा प्रणाली विकास गर्ने । |

| रणनीतिक स्तम्भ | रणनीतिक कार्यक्रम | अपेक्षित उपलब्धी | नतिजा | सञ्चालन गर्नुपर्ने गतिविधिहरु |
|---|---|---|---|---|
| **३. व्यवसायिक प्रणाली सुधार** | ३.१ बजार प्रणाली सुदृढिकरण कार्यक्रम | मूल्य श्रृंखला र आपूर्ती श्रृंखला सुदृढ भई बजार प्रणाली थप समावेशी भएको हुने | मूल्य श्रृंखला विकास तथा आपूर्ती श्रृंखला सबलिकरण कार्यक्रम सञ्चालन हुने | आविस्कार केन्द्र, विश्वविद्यालय, प्रदेश सरकार, समुदाय, निजी क्षेत्र र विकास साझेदारको सहकार्यमा मूल्य श्रृंखला विकास परियोजना सञ्चालन गर्ने |
| | | | | आपूर्ती श्रृंखला सवलिकरणका लागि आवश्यक अध्ययन अनुसन्धानमा महानगर, प्रदेश सरकार र निजी क्षेत्रलाई सहयोग गर्ने । |
| | ३.२ व्यवसायिक प्रणालीका प्रमुख अवयवहरुबिच सूचनाको पहुँचलाई सवलिकरण कार्यक्रम | उत्पादक, उपभोक्ता, सामग्री आपूर्तीकर्ता, विश्वविद्यालय, प्राविधिक शिक्षालय, जनशक्ती र बैंक वित्तीय संस्थाबिच पारदर्शी र सक्षम सूचना प्रणाली स्थापित भएको हुने | एकिकृत अनलाइन सूचना व्यवस्थापन प्रणाली सञ्चालन हुने | सार्वजनिक निजी साझेदारीमा क्षेत्रगत सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने । |
| | | | | विभिन्न क्षेत्रगत व्यवसाय र अन्य सरोकारवालाहरु बिच नियमित अन्तरक्रिया र सूचना आदान प्रदान प्रणाली विकास गरि कार्यान्वयन गर्ने । |
| | | | | नियमित रुपमा मेला महोत्सव र प्रदर्शनीहरु आयोजना गर्ने |
| | | | विभिन्न श्रव्यदृष्य सामग्री र हाते पुस्तिकाहरु प्रसारित र प्रकाशित हुने | उद्योग व्यवसाय र लगानीका विषयमा आवधिक रुपमा सर्वेक्षण गर्ने र प्रतिवेदन प्रकाशित गर्ने । |
| | | | | विश्व बजारदेखि राष्ट्रिय र स्थानीय अर्थतन्त्रसँग सम्वन्धीत तथ्यांक, सूचना र अन्य दस्तावेजहरु व्यवस्थित रुपमा संग्रह गर्ने । |
| | | | | क्षेत्रगत विषयमा सभा सम्मेलन र गोष्ठीहरु आयोजना गर्ने । |
| | ३.३ सार्वजनिक निजी साझेदारी सुदृढिकरण कार्यक्रम | सरकार र निजी क्षेत्रबिचको संवन्ध थप सुदृढ भई स्थानीय महत्वका क्षेत्रमा सहकार्य वृद्धि भएको हुने | नियमित रुपमा सार्वजनिक निजी संवादहरु आयोजना भएको हुने | आवश्यकता र औचित्यका आधारमा नियमित रुपमा विषयगत वा परियोजनागत तहमा सार्वजनिक निजी संवाद आयोजना गर्ने । |

## ६. रणनीतिक क्षेत्रगत गतिबिधिहरू

| रणनीतिक क्षेत्र | सम्भावित गतिविधिहरु |
|---|---|
| पर्यटन | आवधिक रुपमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका सभा सम्मेलनहरु आयोजना गर्ने (जस्तै लगानी सम्मेलन) |
| | भारत तथा चिनको बजारमा प्रचार प्रसार र भ्रमण आदान प्रदान |
| | नयाँ पर्यटकीय उपजहरुको पहिचान, विकास र बजारिकरण गर्ने |
| | पर्यटन क्षेत्रमा कर्मचारी व्यवस्थापन योजना र रणनीति तर्जुमा र कार्यान्वयन |
| | नियमित शिप विकास तालिमहरु सञ्चालन गर्ने |
| कृषि पशु तथा बन | कृषि उद्यमहरुको लागि व्यवसाय दर्ता, नविकरण र कानुन पालना सम्वन्धी क्षमता विकास कार्यक्रम |
| | सहुलियत कर्जा, उनुदान, कर छुट, बीमा लगायतका विषयमा सचेतना अभिवृद्धि |
| | कृषिको लागि व्यवसायिककरणका लागि व्यवसायिक योजना तर्जुमा तालिम प्रशिक्षण अभिमुखिकरण |
| | अनलाइन कृषि बजार प्रणालीको सवलिकरण, प्रचार प्रसार र प्रशिक्षण |
| | स्थानीय रैथाने बालीहरुको पहिचान, संरक्षण र व्यवसायिकरण सम्वन्धी सहयोग |
| | अर्गानिक कृषि उत्पादनहरुको गुणस्तर परिक्षण र प्रमाणपत्र सम्वन्धी कार्य |
| | अर्गानिक वस्तु उत्पादकहरुलाई बजार विश्लेषण, प्याकेजिङ्ग, मूल्य श्रृंखला विकासमा सहयोग |
| | कृषि तथा पर्यटन क्षेत्रको सम्वन्ध सवलिकरण (न्ाष्मभम तयगचकरबनचय(तयगचष्क) |
| | कृषि प्राविधिक, जनशक्ती, किसान तथा उपभोक्ताहरुको लागि तालिम प्रशिक्षण र अभिमुखिकरण |
| बैंक, वित्त, बीमा, सूचना प्रविधि र अन्य सेवा | नियमित रुपमा वित्तीय साक्षरता सम्वन्धी तालिम प्रशिक्षण र अभिमुखिकरण |
| | बैंक वित्तीय संस्था सँगको सहकार्यका डिजिटल बैंकिङ्ग प्रवर्द्धन सम्वन्धी कार्यक्रम |

| रणनीतिक क्षेत्र | सम्भावित गतिविधिहरु |
|---|---|
| | बैंक वित्तीय संस्था सँगको सहकार्यका स्थानीय आवश्यकताका कर्जा तथा लगानी योजना विकास |
| | पर्यटन, कृषि तथा व्यवसायिक क्षेत्रका लागि लक्ष्यित तथा सहुलियतपूर्ण वित्तीय योजनाहरुको अधिकतम उपयोगका लागि नियमित सहजिकरण कार्यक्रम |
| उद्योग तथा व्यापार | तुलनात्मक लाभका स्थानीय मूल्य श्रृंखलाहरुको पहिचान, संवर्द्धन र औद्योगिकिकरणका लागि अध्ययन अनुसन्धान |
| | उत्पादन तथा प्रशोधन उद्योगहरुमा स्थानीय कच्चा पदार्थहरुको सम्भाव्यता अध्ययन, प्रचार प्रसार र उत्पादक तथा उद्योगीलाई जोड्ने कार्यक्रम |
| | स्थानीय नवउद्यमहरुलाई स्वदेशी तथा विदेशी स्थापित र सफल उद्यमीहरुसँग साक्षातकार, अनुभव आदान प्रदान र प्रविधि हस्तान्तरणमा सहजिकरण |
| | उद्योग व्यवसाय र विश्वविद्यालय तथा प्राविधिक शिक्षालयहरु बिच सहकार्यका कार्यक्रम (Apprenticeship) |
| | पर्यटन तथा उद्योग क्षेत्रको घनिष्टता विकास (Guided tours) |
| | नवउद्यम तथा स्थापित उद्योगहरु बिच कार्यगत सहकार्य (product development and testing) |
| | सफल उद्यमीहरुबाट नवउद्यमहरुका लागि शिप, व्यवस्थापन कौशल, अनुभव र प्रविधि हस्तान्तरण |

## ७. अनुगमन, मूल्याङ्कन तथा सिकाई

व्यवसाय प्रवर्द्धन केन्द्रको अनुगमन र मूल्याङ्कन योजनामा प्रत्येक गतिविधिको तुलनात्मक प्रगति विश्लेषण गर्ने विशिष्ट र मापनयोग्य सूचकहरू रहेका छन् । यसले योजना बनाउन र सिकाइ/विकासका परिणामहरूलाई समीक्षा गर्न सहयोग गर्नेछ । त्यसका लागि परिमाणात्मक लक्ष्यहरू निर्धारण गरि ती लक्ष्यहरूलाई पूर्वनिर्धारित वस्तुगत सूचकहरूसँग तुलना गरी मापन गर्नुपर्नेछ। हासिल गरिएका लक्ष्यहरूको प्रमाणीकरण गरि प्रतिवेदन तयार गर्नुपर्नेछ । त्यस्ता परिमाणात्मक लक्ष्यहरूको आवधिक समीक्षा गरि अद्यावधिक गर्दै लैजानु पर्नेछ ।

## १. व्यवसाय विकास

| गतिविधि | वस्तुगत सूचक | प्रमाणीकरणका साधान |
|---|---|---|
| व्यवसाय दर्ता गर्न सहयोग गर्ने | दर्ता, नवीकरण, कानुनी रूपमा सहयोग गरिएका व्यवसायहरूको प्रतिशत/सङ्ख्या | दर्ता प्रमाणपत्र, नवीकरण प्रमाणपत्र |
| कानुनी परामर्श क्लिनिक सञ्चालन गर्ने | | |
| व्यवसाय दर्ता/इजाजतपत्र प्राप्त गर्न सहयोग गर्ने कार्यविधि तयार गर्ने | | |
| युवा, सीमान्तकृत वर्ग र महिला नेतृत्वका लागि लक्षित कार्यक्रम कार्यान्वयन गर्ने | | |
| सोच विकास शिविर/ह्याकाथन सञ्चालन गर्ने | आयोजना, सञ्चालन गरिएका कार्यक्रमहरूको प्रतिशत/सङ्ख्या | सहभागीहरूको सूची |
| व्यवसाय योजना प्रतियोगिता आयोजना गर्ने | | |
| सूचना व्यवस्थापन प्रणाली निर्माण गर्ने | निर्माण गरिएका सूचना व्यवस्थापन प्रणालीको प्रतिशत/सङ्ख्या अन्तिम लाभग्राहीहरूको प्रतिशत/सङ्ख्या | सूचना व्यवस्थापन प्रणाली प्लेटफर्म/दस्तावेज |
| लेखा र हिसाबकिताबमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सहयोग गर्ने | | |
| उद्यमीहरूलाई ई-कमर्समा जान सहयोग गर्ने | | |
| कच्चा पदार्थ/साधन, श्रम र प्रविधिमा अनुसन्धान गर्ने | कुल लाभ बचत वा नाफामा सुधार | नाफा नोक्सानको विवरण |
| मूल्य शृङ्खला विश्लेषण गर्ने | | |
| उद्यमीहरूलाई उनीहरूको व्यवसायका मुख्य गतिविधिहरू व्यवस्थापन गर्ने मद्दत गर्ने | | |
| सार्वजनिक र निजी स्रोतहरूबाट प्रदान गरिने अनुसन्धान अनुदानहरू पहिचान गर्ने र प्राप्त गर्न सहजीकरण गर्ने | | |
| उद्यमीहरूलाई अनुसन्धान तथा विकास कार्यमा सहयोग गर्ने | न्यूनतम सम्भाव्य उत्पादन/विकास गरिएका नयाँ उत्पादनको प्रतिशत/सङ्ख्या | उत्पादनका नमुना |
| उद्यमीहरूलाई अवधारणा/न्यूनतम सम्भाव्य उत्पादन (MVP) का प्रमाणहरू निर्माण गर्न सहयोग गर्ने | | |

### २. लगानी प्रवर्द्धन

| गतिविधि | वस्तुगत सूचक | प्रमाणीकरणका साधान |
|---|---|---|
| ऋण प्राप्तिको प्रक्रियाबारे परामर्श सहयोग | अन्तिम लाभग्राहीको प्रतिशत/सङ्ख्या | ऋणका लागि गरिएका आवेदनहरू |
| वित्तीय साक्षरता | | |
| लगानी गर्ने र लगानी लिनेबीचको अन्तरक्रिया माध्यम (interface) सुदृढीकरण गर्ने | सञ्चालन गरिएका अन्तरक्रियात्मक सत्र/प्रदर्शनी दिनहरूको सङ्ख्या | सहभागीहरूको सूची |

### ३. व्यवसायिक प्रणाली सुधार

| गतिविधि | वस्तुगत सूचक | प्रमाणीकरणका साधान |
|---|---|---|
| उद्यमीहरूका लागि व्यवसाय योजना, न्यूनतम सम्भाव्य उत्पादनसम्बन्धी आधारभूत सामग्रीहरू समेटिएको पाठ्यक्रम बनाउने | सञ्चालन गरिएका आधारभूत पाठ्यक्रमको प्रतिशत/सङ्ख्या | अध्ययनको पाठ्यक्रम |
| विश्वविद्यालयहरूको ठाउँ/हाता/प्रयोगशाला संरचनाहरूको उपयोग गर्न सहकार्य बढाउने । | | |
| वृद्धिउन्मुख वा वृद्धिको सम्भावना रहेका व्यवसायलाई सहयोग गर्ने | उत्पादन भएका फेलो /अनुशिक्षार्थीको प्रतिशत/सङ्ख्या | मामिला अध्ययन/सफलताका कथा |
| उद्यम-उद्योग साझेदारी मार्फत अनुशिक्षण/फेलोसिपका अवसरहरू निर्माण गर्ने | | |
| क्षमता विकासका कार्यक्रम बनाउने | कार्यक्रमको सङ्ख्या | सम्वन्धित नियामक निकायको संवन्धन |
| व्यवसाय सर्वेक्षणहरू सञ्चालन गर्ने | सिर्जना गरिएका जानकारी/ज्ञान सामग्रीहरूको सङ्ख्या/प्रतिशत | जानकारी/ज्ञान सामग्रीहरूको अन्तिम संस्करण |
| वित्तीय योजनाहरूबारे (सङ्घीय, प्रदेश, स्थानीय) जानकारी/स्रोत विवरण राख्ने | | |
| विषयगत क्षेत्रअनुसारको लगानी ज्ञापनपत्र (memorandum) | | |
| सार्वजनिक निजी संवाद फोरमको स्थापना गरी सञ्चालन गर्ने | सञ्चालन/आयोजना गरिएका सार्वजनिक निजी संवाद फोरमहरूको सङ्ख्या/प्रतिशत | सार्वजनिक निजी संवाद फोरमका बैठक माइन्यूटहरू |

## ८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयहरूलाई मूलप्रवाहीकरण गर्ने गतिविधिहरू सञ्चालनमा व्यवसाय प्रवर्द्धन केन्द्रलाई सहयोग गर्न प्रयोग गरिने साधानको रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण ढाँचाको विकास गरिएको छ । यस ढाँचामा लैङ्गिक समानता र सामाजिक समावेशीको मूलप्रवाहीकरणका मापदण्डहरूसँगै विभिन्न गतिविधिहरूको कार्यान्वयनको क्रममा उत्पन्न हुन सक्ने जोखिम र अनुमानहरू समावेश गरिएको छ । प्रत्येक विषयगत क्षेत्र अन्तर्गत गतिविधिहरूको कार्यान्वयन/सञ्चालन गर्दा यी मापदण्डहरूको अनिवार्य पालना गर्नुपर्छ । महिला, दलित र सीमान्तकृत वर्गद्वारा सञ्चालन गरिएका व्यवसायहरूलाई विशेष ध्यान दिइएको छ ।

| विषयगत कार्यक्षेत्र | मान्यता/जोखिम | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण |
|---|---|---|
| स्टार्ट योर बिजनेस (SYB) कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने | सहयोग कक्ष र कानुनी परामर्श क्लिनिक सञ्चालनका लागि पर्याप्त कोषको व्यवस्था | महिला, दलित र सीमान्तकृत वर्गले सञ्चालन गरेका उद्यमहरूलाई निःशुल्क सहयोग र सेवाहरू प्रदान गर्ने । |
| व्यवसाय सोच विकास कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने | योग्य सहभागी छनौट | महिला, दलित र सीमान्तकृत समूहबाट ५० प्रतिशत सहभागीहरूको सहभागिता सुनिश्चित गर्ने । |
| स्टार्टअप व्यवसायमा सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई प्रवर्द्धन गर्ने | उद्यमहरूका लागि उच्च मात्रामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्नुपर्ने आवश्यकता | महिला, दलित र सीमान्तकृत वर्गले सञ्चालन गरेका उद्यमहरूको विशेष आवश्यकता (special need) विश्लेषण/मूल्याङ्कन गर्ने । |
| स्तरवृद्धि (scale improvement) कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने | धेरै उद्यमहरूले आफ्नो स्तरवृद्धि क्षमताको उपयोग नगरेका | महिला, दलित र सीमान्तकृत वर्गले सञ्चालन गरेका उद्यमहरूलाई निःशुल्क स्तरवृद्धि क्षमता मूल्याङ्कनमा सहयोग प्रदान गर्ने । |
| नयाँ उत्पादनको विकास गर्ने | न्यूनतम सम्भाव्य उत्पादनहरू निर्माण गर्न उद्यमहरूलाई उच्च लागत लाग्ने /न्यून दक्षता रहेको | महिला, दलित र सीमान्तकृत वर्गले सञ्चालन गरेका व्यवसायलाई अवधारणाको प्रमाण निर्माण गर्न मद्दत गर्ने । |
| | | |

| विषयगत कार्यक्षेत्र | मान्यता/जोखिम | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण |
|---|---|---|
| उद्यमीहरूको 3Cs मा सुधार गर्ने कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने | अत्यधिक कागजी कार्य/न्यून वित्तीय साक्षरताका कारण वित्तीय पहुँच सीमित हुन पुगेको | महिला, दलित र सीमान्तकृत वर्गलाई विशेष/सहुलियतपूर्ण ऋण योजनाहरूमा आवेदन गर्न प्राथमिकीकरण/ग्राह्यता प्रदान गरिन्छ। महिला, दलित र सीमान्तकृत वर्गबाट सञ्चालित व्यवसायहरूलाई वित्तीय योजनाहरूबारे ज्ञान प्रदान गर्न विशेष सचेतना कार्यक्रमहरू सञ्चालन गरिन्छ। |
| उद्यमीहरूलाई लगानी/वित्तीय माध्यमसँग जोड्ने कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने | लगानी सञ्जालसँग स्टार्टअप व्यवसायहरूको व्यवस्थित पाइपलाइन (सूची) नहुनु | महिला, दलित र सीमान्तकृत समूहबाट ५० प्रतिशत सहभागिता सुनिश्चित गर्ने।<br>महिला, दलित र सीमान्तकृत क्षेत्रका लगानीकर्तालाई महिला, दलित र सीमान्तकृत उद्यमीहरूसँग जोड्ने। प्रतिस्पर्धाका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशी प्यानलहरू हुने सुनिश्चित गर्ने। |
| स्थानीय शैक्षिक संस्था/विश्वविद्यालयहरूसँग साझेदारी गर्ने | उद्यमशीलता सीप विकास/सहयोग संयन्त्र प्रभावकारी नरहेको | महिला, दलित र सीमान्तकृत वर्गका सहभागीहरूलाई प्रोत्साहन गर्ने र उनीहरू भर्ना हुनसक्ने पाठ्यक्रम निर्माण गर्ने। |
| प्रविधि विस्तार (diffusion) र एक्सेलरेटर गतिविधिमा सहकार्य गर्न निजी क्षेत्रसँग साझेदारी गर्ने | निजी क्षेत्रसँग अत्याधुनिक संरचना रहन्छन् र डोमेनसम्बन्धी आवश्यक पर्ने विज्ञता ल्याउनेछन् | ४० प्रतिशत फेलो/अनुशिक्षार्थी महिला, दलित र सीमान्तकृत वर्गबाटसुनिश्चित गर्ने। |
| उद्यमी/लगानीकर्ताको निर्णय कार्यमा सहयोग गर्ने ज्ञान सामग्रीहरू उत्पादन गर्ने | अहिलेका ज्ञान/प्रमाण सामग्रीहरू पर्याप्त छैनन् | व्यवसाय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीसँग सम्बन्धित ज्ञान सिर्जना गर्ने। |
| सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूबीच संवादका लागि अनुकूल वातावरण सिर्जना गर्ने | सार्वजनिक र निजी क्षेत्रले सहायकार्य गर्न तत्पर छन् | महिला, दलित र सीमान्तकृत वर्गबाट निर्देशक/सञ्चालक समिति र कार्यदलहरूमा सहभागिता रहने सुनिश्चित गर्ने। |

यो दस्तावेज बेलायत सरकारको आर्थिक सहयोगमा नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत पोखरा महानगरपालिकामा सञ्चालित **सुदृढ "नेपाल शहरी उत्थानशीलता परियोजना"** को प्राविधिक सहयोगमा तयार गरिएको हो ।

तर, यस दस्तावेजमा अभिव्यक्त गरिएका विचार र धारणाहरूले बेलायत सरकारको आधिकारिक नीतिलाई प्रतिबिम्बित गर्दैन ।